फोन नं. ०७१-५७७३०३, ५७७२९२, ५७७४०३

# देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
५ नं.प्रदेश, नेपाल

प.स./Desp. ०७४/०७५
चलानी नं. Ref. No ६५४

मिति/Date: २०७४/०९/०६

**शितलहरको सम्भावित जोखिमबाट बच्ने र बचाउने सम्बन्धी देवदह नगरपालिकाको अनुरोध ।**

चिसो मौसम शुरु भएपछि हालैका दिनहरुमा शितलहरको सम्भावना बढेको र यसका कारण हुन सक्ने जोखिम कम गर्न खासगरी बालबालिका, बृद्ध, अशक्त, श्वास प्रश्वासका रोगी, गरिबीको रेखामुनी रहेका मानिसहरु बढी प्रभावित हुन सक्ने भएकोले यसबाट बच्न र बचाउन तपशिल बमोजिमको कार्य गर्नु गराउनुहुन सम्पूर्ण नगरबासीहरुमा अनुरोध छ ।

**तपशिल**

१. बच्चा, बृद्ध तथा सबैले न्यानो कपडा लगाउने लगाईदिने ।

२. तातो झोलिलो पदार्थको सेवन गर्ने गराउने ।

३. टोल तथा चोकहरुका (प्रशस्त हावा आवत जावत हुने ठाँउमा मात्र) आगो ताप्ने व्यवस्था मिलाउने ।

४. बन्द कोठामा आगो नताप्ने यसले अक्सिजनको मात्रा कम भई थप जोखिम निम्त्याउन सक्छ ।

५. आ-आफ्नो परिवार, टोल र छिमेकमा यस सम्बन्धी सबैले जनचेतना प्रवाह गर्ने ।

६. चिसोले खासगरी श्वासप्रश्वासका रोगीलाई तुरुन्तै असर गर्ने भएकोले त्यस्ता विरामीले नियमित रुपमा स्वास्थ्य जाँच र औषधी सेवन गर्ने र चिसोबाट जोगिने ।

७. बालबालिकालाई निमोनिया, रुघाखोकीबाट जोगाउन न्यानो लुगा लगाईदिने र यस्तो लक्षण देखिएमा स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गरी स्वास्थ्य परीक्षण गराउने ।

२०७४।९।६

**श्रीकृष्ण नेपाल**
**प्रमुख प्रशासकीय अधिकृत**